नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# कानुनी, संस्थागत र नियामक तयारी सहित पुँजी खाता खुला गर्नुपर्ने, स्थिरता पहिलो आवश्यकता

*(नेपालमा पुँजी तथा वित्तीय खाता परिवर्त्यताको सम्भाव्यता सम्बन्धी अन्तरक्रिया)*

मुलुकले आर्थिक उदारीकरणको नीति अवलम्बन गरेको तथा छिमेकी मुलुक भारत र चिन पुँजी तथा वित्तीय खाता परिवर्त्यताको दिशामा अघि बढिरहेको सन्दर्भमा नेपालमा यसको सम्भाव्यता तथा चुनौतीका सम्बन्धमा छलफल गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकद्वारा चैत्र १६ गते एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रम गभर्नर डा. युवराज खतिवडाको अध्यक्षतामा सम्पन्न भएको थियो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले आवश्यकताको सिद्धान्तका आधारमा पुँजी खाता परिवर्त्यताको विषय उठेको चर्चा गर्दै गैर-आवासीय नेपाली ऐन लगायतका कानुनबाट नेपालको पुँजी खाता आंशिक खुला भइसकेको चर्चा गर्नुभयो । उहाँले तुलनात्मक लाभका क्षेत्र पहिल्याएर त्यस क्षेत्रमा पुँजी ल्याउने र पुँजी र प्रविधिका क्षेत्रबाट लाभ लिन सक्ने अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो । लगानी आउने जाने प्रक्रिया सामान्य रूपमा चल्न गई बाहिरिने भन्दा भित्रिने पुँजीको मात्रा बढी हन सकेको अवस्थामा मात्र देशमा लगानी र आर्थिक क्रियाकलाप बढ्ने तर पुँजी बहिर्गमन मात्र भए चिन्ताको विषय हुने धारणा राख्नुहुँदै उहाँले छलफलबाट निष्कर्षमूलक धारणा आएको र पुँजी खाता परिवर्त्य गर्दा पर्ने सामाजिक-आर्थिक प्रभावका विषयमा थप स्पष्ट हुनुपर्ने बताउनुभयो । मुलुकले परिलक्षित गरेको आर्थिक वृद्धि, समावेशिता, रोजगारी सिर्जना जस्ता पक्षमा चयनात्मक प्रत्यक्ष वैदेशिक लगानीको सिद्धान्त अवलम्बन गर्ने पर्ने उहाँको आसय रहेको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले पुँजी खाता परिवर्त्यताका लागि नीतिगत स्थिरता, संस्थागत र नियामक सुदृढीकरणको आवश्यकता देखाउँदै हाल आंशिक रूपमा परिवर्त्य रहेको पुँजी खातालाई थप उदारीकरण गर्ने सन्दर्भमा नीतिगत व्यवस्था सहित अघि बढ्नुपर्ने धारणा राख्नुभयो । आयोगका सदस्य जनकराज शाहले यसका लागि समष्टिगत आर्थिक वातावरण अनुकूल हुनुपर्ने, खुला सिमाना, भारत र चिन जस्ता ठूला बजार, स्थिर विनिमय दर, पुँजीको बहिर्गमनको नियमन गर्ने क्षमता आदि विषयमा व्यापक छलफलको आवश्यकता औँल्याउनुभयो ।

स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले पुँजी खाता परिवर्त्य बनाउनका लागि राजनीतिक स्थिरता, दिगो विदेशी विनिमय सञ्चिति आवश्यक पर्ने धारणा राख्दै बहुआयामिक आर्थिक सम्बन्ध भएको छिमेकी मुलुक भारतसँग नीतिगत सामञ्जस्य आवश्यक भएकोले

सम्बन्धित विषयका विज्ञहरूसँग छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । कार्यक्रमको अन्त्यमा धन्यवाद मन्तव्य प्रस्तुत गर्दै डेपुटी गभर्नर महाप्रसाद अधिकारीले पूर्वी एसियाली राष्ट्रहरूको आर्थिक सङ्कटबाट ठूलो पाठ सिकिएको स्मरण गर्नुहुँदै पुँजी खातालाई परिवर्त्य हुनबाट रोक्न पनि नसकिने र पूर्ण रूपमा खुला गर्न पनि नसकिने विचार व्यक्त गर्नुभयो । अर्थतन्त्रमा नियामकभन्दा खेलाडी अघि हुन्छन् भन्दै उहाँले कानुनी व्यवस्था पनि गर्दै जाने र बाधाहरू क्रमशः हटाउँदै जानुपर्ने बताउनुभयो ।

यस अघि अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले पुँजी खाता र वित्तीय खाता सम्बन्धमा सङ्क्षिप्त प्रकाश पार्दै नेपालमा पुँजी तथा वित्तीय खाता परिवर्त्यताको सम्भाव्यता विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै पुँजी तथा वित्तीय खाता परिवर्त्यताका फाइदा, जोखिम, यसका क्रमिकता र पूर्व सर्तहरू, भारतको पुँजी खाता परिवर्त्यताको अनुभव, नेपालमा पुँजी खाता उदारीकरणका सम्भावित लाभ तथा जोखिमहरू, नेपालमा समष्टिगत आर्थिक परिसूचकहरूको अवस्था र उपस्थित विज्ञहरूबाट राय सुझाव अपेक्षा गरिएका विषयहरूबारेमा प्रकाश पार्नुभएको थियो ।



कार्यक्रममा नेपाल राष्ट्र बैंकका सञ्चालक सदस्य प्रा.डा. श्रीराम पौडेल, पूर्व कायम मुकायम गभर्नर कृष्णबहादुर मानन्धर, विमा समितिका अध्यक्ष प्रा.डा. फत्तबहादुर केसी, धितोपत्र बोर्डका अध्यक्ष बाबुराम श्रेष्ठ, अर्थशास्त्रीहरू पृथ्वीराज लिगल, प्रा.डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना, प्रा.डा. विश्वम्भर प्याकुरेल, डा. पोषराज पाण्डे, डा. गोविन्दबहादुर थापा, केशवप्रसाद आचार्य, डा. डिल्लीराज खनाल, डा. मीना आचार्य, बैंकर्स एसोसिएसनका अध्यक्ष राजनसिंह भण्डारी, नेपाल उद्योग वाणिज्य महासंघका पशुपति मुरारका, नेपाल उद्योग परिसंघका नरेन्द्रबहादुर बस्न्यात लगायतले पुँजी खाता परिवर्त्यताका लागि व्यावहारिक र उपयोगी सुझावहरू प्रस्तुत गर्दै मुलुकको लगानी वृद्धि गरी रोजगार एवम् आय अभिवृद्धि गर्न र बृहत् आर्थिक उद्देश्य हासिल गर्न पुँजी खाता परिवर्त्य गर्नु आवश्यक रहेको भए पनि नेपालको राजनैतिक संक्रमण, अल्पविकसित अर्थतन्त्र, स्थिर विनिमय दर प्रणाली, निर्यातको सानो दायरा, अस्थिर विदेशी विनिमय सञ्चिति र लगानीकर्ताका लागि विश्वसनीय वातावरण नरहेको हालको अवस्थामा नै पुँजी खाता परिवर्त्यतातर्फ उन्मुख हुँदा धेरै जोखिमहरू सामना गर्नुपर्ने भएकाले यसलाई चरणबद्ध रूपमा आवश्यक पूर्वाधार निर्माण गरी तुलनात्मक लाभका क्षेत्रमा खुला गर्नुपर्ने धारणा राख्नुभएको थियो । उहाँहरूले राज्यले परिलक्षित गरेको आर्थिक मार्गचित्र, वित्तीय क्षेत्रको क्षमता विस्तार, मुद्रास्फीति नियन्त्रण र पुँजी प्रवाहलाई उचित व्यवस्थापन गर्न सक्ने संयन्त्र निर्माण गर्नुका साथै भारतद्वारा पुँजी परिवर्त्यताको दिशामा चालिने कदमलाई समेत ध्यान दिँदै यसतर्फ आवश्यक पाइला चाल्न उपयुक्त हुने सुझाव दिनुभएको थियो ।

२०६९ चैत १६ गते, शुक्रवार

गभर्नरको कार्यालय